# कहीँ नटिक्ने मान्छे !

राजेन्द्र पराजुली

केही मित्रहरू मलाई कहीँ र कुनै पनि काममा नटिक्ने, सोचविचारै नगरी राजीनामा दिने वा छोड्ने आवेगी पात्रका रूपमा चिन्ने गर्छन् । मेरो जीवनका विभिन्न कालखण्डमा मैले बाध्यतावश यस्तो निर्णय थुप्रै पटक गरेको छु । यसकारण पनि ममाथि यस्तो आरोप लागेको हुनसक्छ । त्यो आरोपमा केही सत्यता त छ नै, साथसाथै यो आरोप अलि सतही छ भन्ठान्छु म । यद्यपि, यसरी आरोप लगाउनेहरू मेरा शुभचिन्तक हुन्, मेरा आफन्त हुन् । अन्यथा किन मेराबारे यति धेरै चिन्ता तिनले लिने गर्थे र ?

शिक्षणलगायत अन्य पेशालाई जीवन निर्वाहको बाटो बनाइरहेको म अनायास २०५६ सालदेखि विभिन्नखालका सञ्चारमाध्यमसँग जोडिन पुगेँ । त्यसो त सो समयभन्दा अघि पनि मेरो मिडियामोह कम थिएन । कुनै न कुनै रूपमा म मिडियासँग जोडिएकै थिएँ । थुप्रै अखबारहरूमा नियमित स्तम्भ लेख्नु, आफ्ना नजिकका मित्रहरूद्वारा सञ्चालित वा उनीहरूसम्बद्ध पत्र-पत्रिकामा प्रत्यक्ष-परोक्ष ढङ्गमा सल्लाहकारका रूपमा रहनुलगायतका भूमिकामा थिएँ म । उही पूर्णकालीन भने थिइनँ ।

२०४७ सालमा साहित्यिक पत्रिकामार्फत पत्रकारितामा मैले हामफालेको हुँ । त्यसपछि मात्र २०५६ सालमा टेलिभिजन, २०५७ मा रेडियो हुँदै म २०५८ मा दैनिक अखबार र २०५९ मा पाक्षिक म्यागेजिनसँग सम्बद्ध हुन पुगेँ । यस

लेखमा म सम्बद्ध बन्न पुगेका विभिन्न सञ्चारमाध्यममा काम गर्दाका तीता-मीठा अनुभव बाँड्ने प्रयत्न गर्नेछु ।

## टेलिभिजनमा पाँच महिना

करिव एक दशकको अवधिमा मैले विभिन्न छ ओटा प्रतिष्ठित सञ्चारमाध्यममा काम गर्ने अवसर पाएँ। २०५६ सालमा नेपाल टेलिभिजनको समय किनेर चलेको दिवा टेलिभिजन साँग्रिला च्यानलमा करिब पाँच महिना कार्यक्रम निर्माता र प्रस्तोताका रूपमा मलाई पूर्णकालीन सञ्चारकर्मी बन्ने अवसर मिल्यो। त्यस च्यानलका प्रमुख एवं सिनेकर्मी तथा सञ्चारकर्मी नीर शाहसँग कुनै साहित्यिक कार्यक्रममा भेट हुँदा मैले भनेको थिएँ, "मलाई पनि टेलिभिजनमा अनुहार देखाउने इच्छा छ है।" त्यसपछि उहाँले भेट्नका लागि समय दिनुभयो र लगत्तै म *शब्दशिखा* नामको साप्ताहिक साहित्यिक कार्यक्रम निर्माणमा लागेको थिएँ। सो कार्यक्रममा नेपाली भाषामा उत्पन्न विभिन्नखाले समस्याका साथै कवितालाई छायाङ्कन गरी (पोएट्री भिडियो) प्रस्तुत गर्ने कार्यलाई प्राथमिकता दिइएको थियो। त्यसकारण साप्ताहिक भनिए पनि कार्यक्रम उत्पादनका निम्ति निकै समय खर्चिनु पर्दथ्यो।

कार्यक्रम प्रसारण आरम्भ भएको एक महिना र केही दिन बितेपछि तलबका बारेमा कुरा उठाएँ। जवाफ आयो- तलबका लागि त आफैंले 'स्पोन्सर' खोजेर ल्याउनु पर्छ। बुझ्दै जाँदा त्यहाँ काम गर्ने अधिकांश सञ्चारकर्मी बेतलबी रहेको थाहा भयो। मलाई काम गर्ने यस्तो पारा देखेर एकातिर विरक्त लाग्न थाल्यो भने अर्कोतिर टेलिभिजनमा अनुहार देखाउने मोहले गाँजिरह्यो। यस्तै दुविधामा त्यहाँ थप चार महिना काम गरी छोडिदिएँ। काम गरेपछि त्यसबापत पारिश्रमिक पाउने आशा पनि कताकता जीवित नै रह्यो, तर त्यो आशा साकार हुन सकेन। जम्मा पाँच महिनाको छोटो अवधिपछि नै दृश्यमाध्यममा अनुहार देखाउने मेरो मोह समाप्त भयो। दुर्भाग्य, त्यो पाँच महिनामा त्यस संस्थाबाट मलाई एक पैसा पनि मिलेन। तथापि सो च्यानलका प्रमुख शाहसँग भेट हुँदा भन्ने गर्नुहुन्थ्यो, "राजेन्द्रजी, तपाईंले त सुटुक्कै काम छोड्नु भयो, पैसा त ढिलो-चाँडो म दिइहाल्थैं नि।" उहाँका यस्ता भनाइ मैले साँग्रिला च्यानलमा काम गर्न छोडेको दुई/चार महिनासम्म उहाँसँग भेट हुँदा बारम्बार सुन्न पाइरहन्थें।

## रेडियो पनि, पत्रिका पनि

साँग्रिला च्यानल छोडेको एक महिना पनि नबित्दै २०५७ सालमा एचबीसी ९४ एफएमका तत्कालीन स्टेसन म्यानेजर हरिशरण लामिछानेसँग भेट हुँदा मैले

आफूलाई रेडियोमा काम गर्ने इच्छा भएको जनाएको थिएँ। उहाँले तुरुन्तै स्वागत गर्नुभयो। एचबीसीमा मैले दुई वर्ष काम गरेँ। सुरुमा *अनुभूति* नामको एउटा साहित्यिक कार्यक्रमबाट रेडियो प्रवेश गरे पनि पछि *गजलगाथा* नामक गजल कार्यक्रम र समाचार शाखामा समेत काम गर्न थालेँ।

एचबीसीमा मेरो संलग्नता भई नै रहँदा २०५८ जेठ महिनादेखि आरम्भ भएको राष्ट्रिय दैनिक *राजधानी*मा मैले उप-सम्पादकका रूपमा काम गर्ने अवसर पाएँ। *राजधानी*मा सुरुका दुई-तीन महिना सुखद रहे पनि त्यहाँभित्र अत्यन्तै नराम्ररी मौलाएको गुटबन्दीले सो पत्रिकाको स्तर गिर्न थाल्यो, समयमा तलब पाउन छोडियो। त्यहाँ स्पष्टतः दुई खेमा देखा परे। तर म भने कुनै पनि खेमामा थिइनँ। पत्रिका प्रकाशनारम्भको पाँच महिना पनि नबित्दै प्रधान सम्पादक पुरुषोत्तम दाहालगायत अन्य पत्रकारहरू त्यहाँ काम गर्न नसक्ने अवस्थामा पुगे। त्यसपछि त्यहाँ सुरु भयो- को, कसको मान्छे ? कसलाई कसरी र किन राखियो ? आदि। त्यहाँ कसले काम गर्न सक्छ ? को प्रतिभाशाली छ भन्ने नहेरी को सम्पादकको चाकरी गर्न सक्छ र नजिक पर्दै सम्पादकलाई 'तपाईं त महान पत्रकार' भन्न सक्छ त्यसको लेखाजोखा हुन थाल्यो। त्यसबखत म विचार पृष्ठ हेर्थें। विचारका निम्ति दुई पृष्ठ छुट्ट्याइएको थियो। मसँगै विचार पृष्ठमा काम गर्ने अन्य सहकर्मीहरूले पुरुषोत्तम दाहालको बहिर्गनमसँगै राजीनामा दिइसकेका थिए। म भने काम गरिरहेकै थिएँ। दिन बित्दै जाँदा मप्रति पनि पूर्वाग्रह राख्न थालियो। धेरै 'जुनियर' पत्रकारहरूलाई ल्याएर मलाई उनीहरूको मातहतमा रहेर काम गर्न भनियो। गुटजन्य पूर्वाग्रहको म सिकार बनेँ। मभित्रको स्वाभिमान जुर्मुराउन थाल्यो, जसका कारण नौ महिनाको छोटो अवधिमा *राजधानी* छोड्ने निधो गरेँ।

*राजधानी*मा काम छाडेपछि एचबीसीमा अलि बढी समय काम गर्न थालेँ। त्यहाँ मलाई समाचारको जिम्मा त छँदै थियो, अन्य कार्यक्रम सुन्ने र त्यसलाई सम्पादनसमेत गर्ने जिम्मा पनि पाएँ।

## हिमाल पाक्षिक

एचबीसीमा काम गर्दागर्दै २०५९ सालमा *हिमाल* पाक्षिक जस्तो लोकप्रिय खबरपत्रिकामा काम गर्ने सुअवसर पनि जुट्यो- कमलमणि दीक्षितका कारण। *हिमाल* खबरपत्रिकाका प्रकाशक उहाँका छोरा कनकमणि दीक्षित हुनुहुन्थ्यो। त्यस सालको मदन पुरस्कार अलि विवादित भएका कारण मदन पुरस्कार गुठीका अध्यक्ष कमल दीक्षितलाई अन्तर्वार्ताका निम्ति मैले एचबीसी रेडियोमा बोलाएको

थिएँ । कुराकानी सकिएपछि उहाँले अत्यन्तै स्नेह साथ "अरू के गर्नु हुन्छ" भनी सोध्नुभयो । "मैले केही छैन" भनेपछि "ल तपाईं *हिमाल*मा काम गर्नुस्" भन्नुभएको थियो ।

एचबीसीको कार्यालय चावहिलभन्दा पर आरुबारीमा र *हिमाल*को कार्यालय पुल्चोकमा भए पनि मैले एचबीसी छोडिनँ । दुवैतिर काम गर्न कठिनपूर्वक समय मिलाएको थिएँ । *हिमाल*मा लोभलाग्दो व्यवस्थापन थियो, एकप्रकारले अन्य सञ्चारगृहले अनुकरण गर्नुपर्ने खालको । *हिमाल* असाध्यै सुन्दर र आकर्षक साजसज्जाका साथ निस्कन्थ्यो । अहिले पनि निस्कन्छ । त्यसबखत यो निकै लोकप्रिय थियो । यद्यपि, *हिमाल*मा पनि मेरो कार्यावधि त्यति लामो हुन सकेन, करिब दस महिनामै आफ्नो स्वाभिमानमा ठेस लागेको अनुभूतिका साथ मैले त्यो खबरपत्रिकाबाट मन नलागिकनै राजीनामा दिएँ । स्वाभिमानमा ठेस लाग्नुको कारण थियो- सम्पादकद्वारा मलाई कुनै निश्चित काम तोकिएको थिएन र स्वविवेकले केही गर्न खोज्दा अधिकांशतः अस्वीकृत हुन्थ्यो । हरेक अङ्कमा एउटा कुनै 'स्टोरी' गर्नु, पुस्तक समीक्षा गर्नु, सम्पादकलाई चिठी र छोटा छोटा समाचार सम्पादन गर्नु मेरा नियमित काम थिए । मलाई यति मात्रैले चित्त बुझेको थिएन, आफूलाई अझ बढी जिम्मेवारी र एउटा निश्चित बिट वा पृष्ठको जिम्मेवारी लिएर काम गर्ने इच्छा भएको जानकारी सम्पादकलाई गराइरहन्थेँ । त्यसको सुनुवाई कहिल्यै भएन । कमल दीक्षितले मलाई *हिमाल*मा काम गर्ने अवसर मिलाइदिँदा सम्पादकले तपाईंलाई राम्ररी सिकाउने छन् पनि भन्नुभएको थियो, तर त्यसो कहिल्यै भएन । मेरो नियुक्तिपत्रमा र परिचयपत्रमा पनि सहायक सम्पादक नै लेखिएको थियो । तर पत्रिकामा प्रिन्टलाइनमा मेरो नाम आउँदा उपसम्पादक भनेर आयो । यसो किन भयो भनी सम्पादकलाई दुई-तीन पटक सोध्दा कुनै जवाफ आएन । यी सन्दर्भहरू मलाई उचित लागेन र राजीनामा दिएँ ।

## नेपाल समाचारपत्रको लामो अनुभव

*हिमाल* एउटा लोकप्रिय खबरपत्रिका भएका कारण नै हुनसक्छ, त्यहाँबाट विदा लिएको भोलिपल्टदेखि नै *नेपाल समाचारपत्र* दैनिकमा मेरो काम सुरु भयो । *हिमाल*बाट राजीनामा दिएर आफूले पाउने पैसा खल्तीमा राखी म एउटा कार्यक्रममा पुगेको थिएँ । संयोग नै मान्नुपर्छ त्यहाँ *नेपाल समाचारपत्र*का प्रधान सम्पादक पुष्करलाल श्रेष्ठसँग भेट भयो । मैले सोही दिनदेखि नै आफू काम नभई

खाली भएको बताएँ । उहाँले तपाईं र म भोलि *नेपाल समाचारपत्र*को कार्यालयमै भेटौँ भन्नुभयो । मलाई खोजेकै कुरा पाउँदा हर्षको अनुभूति भयो ।

*नेपाल समाचारपत्र*मा काम गर्दागर्दै अर्को एउटा अवसर मिल्यो, २०६२ साल जेठमा- अख्तियार दुरूपयोग अनुसन्धान आयोगको रेडियो कार्यक्रम रेडियो नेपालमा चलाउने । *सदाचार* नामको सो कार्यक्रम करिब १४ महिना चलाएपछि त्यो पनि छोडिदिएँ, त्यति मन लागेन पनि । अख्तियारका तत्कालीन एक आयुक्त ममाथि अनाहकमा शङ्का गरिरहेका थिए– कसले ल्याएको मान्छे ? किन यत्रोविधि पैसा दिने ? भन्नेजस्ता सवाल उनी मेरै सामुन्ने पनि अन्य उच्च पदस्थ कर्मचारी भएका बखत गरिरहन्थे । साथै अख्तियारसँगको कार्यक्रम सञ्चालनसम्बन्धी सम्झौता पनि सकिँदै थियो । उनै आयुक्तका कारण सम्झौताको म्याद नथपिने निश्चित थियो, तथापि तत्कालीन प्रमुख आयुक्त भने मेरो काम गराइसँग निकै प्रभावित थिए । को भ्रष्ट ? कसले कति भ्रष्टाचार गऱ्यो ? आदि-इत्यादि भनिरहन मेरो कवि हृदयलाई त्यतिसारो इच्छा लागेन । मुलुकको डाडु-पन्यु हातमा लिएर बसेकाहरू नै सदाकाल भ्रष्टाचारमा डुबेका छन् र तिनले मुलुक नै डुब्नेगरी लुटेका छन्, आफ्नो घरको धन्सार भरेका छन्, पुस्तौं-पुस्तालाई पुग्नेगरी तिनले राज्यकोष हिनामिना गरेका छन्- तिनका बारेमा केही भन्न नपाइने । विचरा मुखिया, खरिदार वा सुब्बा तहका कर्मचारी अथवा तल्ला तहका कारिन्दाले भारतबाट शैक्षिक योग्यताका प्रमाणपत्र ल्याएर जागिर खाएको वा पदोन्नति पाएको, कार्यालयको दुई-चार हजार मासेकोजस्ता सानातिना कुरामा अड्किनु र त्यसलाई ठूलो विषय बनाउनु मलाई वाहियात लाग्यो र त्यो काम पनि छोडिदिएँ । त्यसबखत प्रमुख आयुक्त र ती आयुक्तबीच असाध्यै चिसो सम्बन्ध थियो, सम्भवतः त्यही कारण नै ती आयुक्त मलाई हटाएर अर्को कुनै आफ्नो मान्छेलाई त्यो काम दिन चाहन्थे ।

अख्तियारको कार्यक्रम छोडेको केही महिनापश्चात् मलाई *नेपाल समाचारपत्र*मा पनि काम गरिरहन मन लागेन । करिब पाँच वर्ष अत्यन्तै मेहनत र इमानदारीसाथ काम गरेको संस्थाको माया त हुन्छ नै, तर त्यो मायाले जीवन चल्दो रहेनछ । हप्तामा चार या पाँच दिन सम्पादकीय लेख्नु, शनिवारीय परिशिष्टाङ्कमा 'लाइफ स्टाइल' नामक स्तम्भ लेख्नु, राजनीति, विदेश नीति वा अन्य समसामयिक विषयमा चार-पाँच जना विशेषज्ञ भेला गरेर पाक्षिक रूपमा राउन्ड टेबुल चलाउनु र विचार पृष्ठका निम्ति लेख जुटाउनु अनि सम्पादकलाई चिठीको जोहो गर्नु मेरो जिम्मेवारी थियो । आफूले नै लेख्ने काम मलाई त्यतिविधि गाह्रो नलागे पनि हरेक दिन आवश्यक पर्ने तीन-चार थरीका स्तरीय

लेख जुटाउने काम निकै गाह्रो थियो । त्यसको प्रमुख कारण लेखकले पाउने पारिश्रमिक निकै कम हुनु थियो । व्यक्तिगत सम्पर्कका आधारमा लेख माग्नुपर्थ्यो । लेखकले पाउने पारिश्रमिक कममात्र होइन पारिश्रमिक लिन जाँदा रित्तो हात फर्किनु पर्दा उनीहरू मसँग रिसाउँथे ।

त्यहाँ बसिरहँदा कताकता स्वाभिमान बेचिरहेको महसुस हुन थाल्यो । प्रायः हरेक महिना काम गरेबापत स्वतः प्राप्त हुने पारिश्रमिक कुनै साहूसँग चन्दा लिएजसरी लिनुपर्ने अवस्था मेरा लागि सह्य भएन । त्यो अवस्थालाई मैले धेरै लामो समयसम्म सहन सकिनँ । हुनसक्छ यो स्वाभिमान भन्ने कुराप्रति मेरो अलि बढी नै लगाव छ । यसलाई नत्यागेसम्म र 'सम्झौता' नामक जागिर खाने र टिकाउने 'अचुक सूत्र' अवलम्बन नगरेसम्म म कुनै पनि सञ्चारमाध्यममा लामो समय टिक्न सक्दिनँ । यो कुरो राम्ररी थाहा हुँदाहुँदै पनि मलाई जागिरमा 'टिक्नु' भन्दा 'स्वाभिमान' जोगाएर बाँच्नु बढी मीठो लाग्यो र अचानक *नेपाल समाचारपत्र* छोडिदिएँ । मैले छोडेपछि कतिपय सहकर्मीहरूले मलाई भनेका थिए, "तपाईंको जस्तै पीडा हामीले पनि भोगिरहेका छौँ, तर के गर्नु हामीले जागिर छोड्ने हिम्मत गर्न सकेका छैनौँ, तपाईंले गर्नुभयो ।"

*नेपाल समाचारपत्र* छोड्नका लागि लिखित राजीनामा दिन आवश्यक थिएन किनकि मैले नियुक्तिपत्र नै पाएको थिइनँ या भनौँ त्यतिखेर पत्रकारलाई नियुक्तिपत्र दिने चलन त्यहाँ थिएन । यसर्थ मौखिक राजीनामा नै यथेष्ट थियो । नियुक्तिपत्र, समयमा तलब पाउनुपर्ने तथा कम तलब (त्यसबखत *समाचारपत्र*मा सम्पादकको तलब निजामती सेवामा काम गर्ने सुब्बा वा बढीमा शाखा अधिकृतसरह थियो) आदि विषयमा अन्य पत्रकार मित्रहरू तथा नेपाल पत्रकार महासङ्घ कामना शाखाका पदाधिकारीसँग पनि थुप्रै पटक छलफल भएका हुन् । व्यवस्थापनसँग कुरा गर्ने निर्णय पनि भएको हो तर काम भएन । त्यसबखत नेपाल पत्रकार महासङ्घका महासचिव पनि त्यहीँ नै काम गर्दथे, कार्यकारी सम्पादकको हैसियतमा । तर उनले पनि पत्रकारले पाउनैपर्ने नियुक्तिपत्रका बारेमा त्यहाँ आवाज उठाएको थाहा भएन ।

*नेपाल समाचारपत्र* छोड्ने बखत त्यसका प्रधानसम्पादक तथा प्रकाशक पुष्करलाल श्रेष्ठले २०६५ जेठ ८ मा भन्नुभएको वाक्य मलाई अहिले पनि याद आउँछ, "तपाईं अलि केटाकेटी स्वभावको हुनुहुँदो रहेछ, सानोतिनो कुरामै जागिर छोड्ने । यसले तपाईंलाई दुःख दिन्छ । यस्तो बानी ठीक होइन है राजेन्द्रजी ।" सायद सम्पादक श्रेष्ठले शब्द चयन नमिलाएर 'केटाकेटी स्वभाव' भन्नुभएको थियो त्यसबखत । तपाईं अलि बढी 'स्वाभिमानी' हुनुहुँदो रहेछ भन्दा

सही हुन्थ्यो कि भन्ठान्छु म । यद्यपि, सम्पादक श्रेष्ठले मलाई लगाएको गुन पनि मैले यतिखेर सम्झनै पर्छ । एक हप्ताको मेरो काम हेरेर उहाँले मलाई ठूलै विश्वासका साथ सम्पादकको जिम्मेवारी दिनुभएको थियो र त्यहाँ फिचर वा समाचार शाखामा काम गरुन्जेल मैले आफूलाई सुम्पिएको काम इमानदारीपूर्वक फत्ते गरेको थिएँ ।

## क्यापिटल एफएमको चार महिने सञ्चालक

*नेपाल समाचारपत्र*बाट विदा भएको दुई साता जतिपछि अर्को एउटा अनौठो संयोग मलाई जुर्‍यो । त्यो संयोगलाई मैले त्यतिखेर एउटा अवसर र चुनौती दुवै सम्झेको थिएँ । क्यापिटल एफएम ९२.४ का अध्यक्ष भरत भूर्तेलले जिस्किएजस्तो गरी भन्नुभयो, "हाम्रो एफएमको २० प्रतिशत सेयर हामी बेच्न चाहन्छौँ, तपाईंलाई हामीसँग मिलेर काम गर्ने चाहना छ भने स्वागत छ है ।" मलाई लाग्यो- कतै उहाँ ख्यालठट्टा त गर्दै हुनुहुन्न । अर्को कुरा, त्यति ठूलो सेयर अंश मैले कसरी खरिद गर्न सक्नु ? मूल्य कति होला त्यसको ? तर भित्रभित्रै एउटा रेडियोको सेयर किनेर सञ्चालक बन्न पाउने सौभाग्यलाई पनि म गुमाउन नचाहने मोहजालमा परिसकेको थिएँ । मैले उहाँसँग एक महिनाको समय मागेँ । र, त्यसबीचमा पैसा (सात लाख) जुटाउने अभियानमा लागेँ । कुरा मिल्यो र म एक सञ्चालकका हैसियतमा प्रवेश गरेँ नयाँ बानेश्वरको थापागाउँस्थित क्यापिटल एफएममा ।

एफएम स्टेसन प्रवेश गरेको दिन मेरा मनमा अनेकौँ तरङ्ग उठिरहेका थिए । जीवनमा पहिलो पटक रेडियो नेपालमा २०३९ सालमा कविता वाचन गर्दा डरले मुटु कामेको र *इन्द्रेणी* नामक कार्यक्रमका सञ्चालक प्रसिद्ध सञ्चारकर्मी पाण्डव सुनुवारले नडराइकन बोल्नुस् भनेको मेरो दिमागमा गुञ्जिरहेको थियो । त्यस बेला बढीमा दुई सय शब्दको कविता मैले सास नै हुरुक्क हुने अवस्थामा पुगेर रेकर्ड गरेको थिएँ । पछि रेडियोमा कविता बज्दा आफ्नो आवाज कामेको मैले स्पष्ट थाहा पाएँ ।

सायद क्यापिटल एफएममा प्रवेश गर्दा मैले कहिल्यै पूरा नहुने सपना बोकेको थिएँ, साथै ठूलै उमङ्ग र उत्साह पनि मभित्र जागेको थियो । सञ्चालक समितिको बैठकले मलाई समाचार र कार्यक्रम हेर्ने जिम्मा दिएको थियो । स्टेसनमा म बिहान ५ बजे पुग्थेँ, बिहान ६ बजेका निम्ति समाचार तयार पार्थेँ । पहिलो समाचार बुलेटिनको आधार दैनिक पत्रपत्रिका हुन्थे । पत्रपत्रिकाले प्रयोग गरेका भाषालाई रेडियोको भाषामा ढाल्नुपर्थ्यो । जस्तै, पत्रपत्रिकाले 'डेट लाइन'

लाई आधार मानेर 'आज' भनेको हुन्छ त्यसलाई 'हिजो' पार्नु, कतिपय पत्रपत्रिकाले सम्बोधन गर्दा 'उनी' प्रयोग गर्दछन्, तर रेडियोमा त्यसलाई 'उहाँ' बनाउनु र सोहीअनुसार क्रियापद मिलाउनु आदि गर्नुपर्थ्यो । अनि विभिन्न खालका राष्ट्रिय-अन्तर्राष्ट्रिय घटनालाई लिएर आधा घण्टाको समाचार बनाउनु मेरो नित्य कर्म थियो । कैयौँ दिन समाचार शाखामा काम गर्ने युवा साथीहरू गयल हुन्थे, तिनको अनुपस्थितिमा आफैँ समाचार पढ्नु पनि मेरै काम हुन्थ्यो ।

बिहान ६ बजेको समाचार सकिएपछि, अर्को बुलेटिन ९ बजे प्रसारण गर्नुपर्थ्यो, त्यसका निम्ति समाचार प्राप्त गर्न निकै कठिन थियो । इन्टरनेट वा समाचारका अन्य स्रोतलाई लिएर समाचार तयार पारिन्थ्यो । म क्यापिटल एफएममा साँझ ७ बजेसम्म दैनिक करिब १४ घण्टा काम गर्थें । समाचारका साथै अन्य नियमित कार्यक्रमका प्रस्तोता गयल भएका दिन तिनका काम पनि गर्थें । अनि *राउण्ड टेबुल, गीतगाथा, अनर अफ दि मन्थ*लगायतका कार्यक्रम पनि चलाउँथे । यो क्रम करिब दुई महिनासम्म चल्यो ।

सामान्यतया एफएम रेडियो ठीकै पाराले चलाउने हो भने पनि दुई दर्जन सहकर्मी आवश्यक पर्दछन् र घटीमा तीन लाख मासिक खर्च हुन्छ । त्यसबखत क्यापिटल एफएम थोरै घाटामा थियो । राम्रा-राम्रा कार्यक्रम र समाचार प्रसारण गर्न सकेमा व्यापार बढ्ने र त्यो घाटा पूर्ति हुन कुनै गाह्रो नपर्नेमा म विश्वस्त थिएँ । मुलुकमा नयाँ खुलेका विभिन्न बैंकहरू, केही उद्योगहरू र अन्य स-साना सङ्घ-संस्थाका विज्ञापन क्यापिटलमा बज्थे । तर ती विज्ञापनमात्र रेडियो सञ्चालनका निम्ति पर्याप्त थिएनन् । रेडियो सञ्चालनका निम्ति कि त एनजीओ-आइएनजीओको प्रत्यक्ष सहयोग वा नियमित सरकारी विज्ञापन तथा अन्य निजी क्षेत्रका मनग्गे विज्ञापन हुनुपर्छ । ती कुरा क्यापिटलमा थिएनन् । तथापि समाचार तथा स्तरीय कार्यक्रम पस्कन सके कुनै न कुनै दिन विज्ञापन बढ्नेमा मलाई विश्वास थियो ।

मेरो उत्साह बढिरहेकै बखत समाचार शाखाका सहकर्मी मित्रहरू तलब नबढाए रेडियो चल्न नदिने धम्कीका साथ अघोषित आन्दोलनमा उत्रिए । एकातिर घाटामा चलिरहेको संस्था, अर्कोतिर नवप्रवेशी म- दुवै कारणले, साथीहरूको माग देखेर हडबडाएको थिएँ । त्यसका साथै जलस्रोतको धनी भनिएको यो मुलुकमा लोडसेडिङ दैनिक सोह्र घण्टा पुग्ने समाचारहरू प्रशस्त आइरहेका थिए । यदि जेनेरेटरबाट रेडियो सञ्चालन गर्ने हो भने दैनिक डिजेल खर्च अत्यधिक हुने दिन नजिक आइरहेको थियो । मेरो निधारबाट पसिना

छुटिरहेको थियो । एकातिर कार्यालयको खर्च जुटाउनु, अर्कोतिर आफ्नो घरपरिवार पनि त्यसैबाट चलाउनु, मेरा लागि कष्टसाध्य बन्दै गयो ।

यसका अलावा आफू अन्यत्र काम गर्दा तलब समयमा नपाएको, कम तलब पाएको वा पाउँदै नपाएको पीडा पनि मेरो मानसपटलमा ताजै थिए । त्यसकारण पनि म रेडियोमा काम गर्ने मेरा सहयोगी साथीहरूको मागप्रति बढीभन्दा बढी लचिलो थिएँ । लचिलो भएरमात्र पुग्दैनथ्यो, त्यसका निम्ति ठूलै आर्थिक स्रोत जुटाउनु पर्थ्यो । शैक्षिक योग्यता भएका र काम पनि जान्ने सहकर्मी युवा थिए क्यापिटल एफएममा । उनीहरूको प्रतिभा, दिइएको तलब र समयमा तलब दिन नसक्नुको पीडा मलाई असाध्यै खरो रूपमा बिझाउने गर्दथ्यो । कतै आफू ती युवा पत्रकारमाथि शोषण त गरिरहेको छैन, तिनको प्रतिभाको अवमूल्यन त गरिरहेको छैन ? भन्ने प्रश्न मेरा मनमा पटकपटक उठिरहन्थे । वास्तवमा ती प्रश्नहरू जायज थिए । एक त कम तलब, त्यसमाथि त्यो पनि समयमा दिन नसक्दा तिनले कसरी राजधानीको महँगीमा जीवन चलाउन सक्लान् भन्ने लागिरहन्थ्यो ।

केही दिनमै सञ्चालक मित्रहरूलाई भेला गरेर सञ्चालक समितिको बैठक बस्यो र सहकर्मी साथीहरूको तलब केही वृद्धि गर्ने र बढ्दो लोडसेडिङको सङ्कटमा कसरी रेडियो सञ्चालन गर्ने भन्नेबारे एउटा निर्णयमा पुगियो । तलब वृद्धि त गरियो, जसले गर्दा सहकर्मी मित्रहरूमाझ प्रिय पनि भइयो, तर समयमा कसरी तलब दिने भन्ने चिन्ताले सधैँ सताइरह्यो । कतिपय सहकर्मी मित्रहरूमा युवा जोस, उत्साह र उत्तेजना पनि थियो, तर सामान्य समझदारीको भने अभाव थियो, उनीहरू तलब दिन एक सातामात्र ढिला भएमा मसँग कराइहाल्थे । मैसँग कराउनुको पनि कारण थियो, सञ्चालकहरूमध्ये म नै सबैभन्दा बढी समय कार्यालयमा बस्थेँ, उनीहरूसँगै काम गर्थें र समस्या सुन्थेँ ।

आफू अन्यत्र काम गर्दा बेलामा तलब नपाउँदा परेको चोट पनि म बेलाबेलामा सम्झन्थेँ, तर कुनै पनि सञ्चारगृहको सञ्चालक वा आफूभन्दा सिनियरलाई म केही पनि भन्दैनथेँ, बरु भित्रभित्रै आफूलाई दुखाउँथेँ । आफू सञ्चालक भएपछि आफ्नो मातहतका सहकर्मीले तलबबारे गुनासो गर्दा उनीहरूलाई म पटक्कै सम्झाउन सक्दिनथेँ । किनकि रेडियोको अवस्थाबारे पारदर्शी ढङ्गमा उनीहरूलाई सम्झाउन खोज्दा पनि मान्दैनथे, त्यसपछि त सम्झाउनका निम्ति शब्दहरू नै मसँग हुँदैनथे, म चुपचाप बसिदिन्थेँ । निश्चय पनि काम गरेपछि समयमा उचित पारिश्रमिक सबैले पाउनै पर्छ, यसका साथै बढ्दो महँगीअनुसारको तलबमान हुनु अति आवश्यक छ भन्नेबारे मभित्र कुनै द्विविधा थिएन ।

समय बित्दै जाँदा क्यापिटल एफएमको घाटा झनै बढ्दै जान थाल्यो र हामी समयमा तलब दिन नसक्ने बन्दै गयौँ । मभित्र एक प्रकारको निराशा पनि बढ्दै गयो । म भन्न सक्दिनँ मेरा अन्य सञ्चालक जो अहिले पनि क्यापिटल एफएम सञ्चालन गरिरहेका छन् उनीहरू यसबारेमा के सोच्छन् । तथापि, मेरा अन्य सञ्चालक मित्रहरूको जीवन-निर्वाहका लागि अरू नै बाटाहरू थिए, अर्थात् उनीहरू रेडियोमात्र सञ्चालन गरिरहेका थिएनन् । कमाउने अरू उपाय वा व्यापार अथवा जागिर पनि उनीहरूसँग थिए र रेडियोमा विज्ञापन ल्याएबापत मनग्गे कमिसन पनि लिइरहेका थिए । तर मसँग आम्दानीको अरू कुनै पनि बाटो थिएन । मैले रेडियोमा १४ घण्टा काम गर्नु र त्यसबाट परिवार चलाउनु मेरो बाध्यता थियो ।

रहँदै बस्दै गर्दा रेडियोबाट मेरो परिवार नचल्ने पक्का भयो । बढ्दो लोडसेडिङ, कर्मचारी साथीहरूको चुलिँदो माग, घट्दो विज्ञापनको मात्रा लगायतका कारण रेडियोमा बसिरहनु आफ्ना परिवारप्रति अन्याय गर्नु हो भन्ने मैले बुझेँ र चार महिनाको छोटो अवधि बित्न नपाउँदै आफ्नो भागमा रहेको सेयर बिक्रीका निम्ति सञ्चालक समितिसमक्ष निवेदन दिएँ । भाग्यवश त्यसको दुई महिनापछि मैले आफ्नो लगानी फिर्ता पाएँ ।

## रेडियोको समस्या

यतिखेर राजधानी उपत्यकामा तीन दर्जनभन्दा बढी एफएम रेडियोहरू सञ्चालनमा रहेका छन् । तीमध्ये एउटा हातका औँलामा पनि नभरिने सङ्ख्यामा रेडियो राम्ररी चलेका होलान् वा तिनले तलब-सुविधा समयोचित ढङ्गमा दिन सकेका होलान् । हुनसक्छ एफएम सञ्चालन गरिरहेका कतिपयलाई म पनि त एउटा सञ्चारमाध्यमको मालिक हुँ भन्ने धाक समाजमा पेश गर्नु छ। यसकारण रेडियोको घाटा उनीहरूका निम्ति सामान्य हुँदो हो । तर रेडियो नै चलाउने र त्यसैबाट परिवार पाल्ने हो भने यो सोचनीय छ ।

लोकतान्त्रिक गणतन्त्रको सरकारले जनतालाई दिएको नवीनतम उपहार-१६ घण्टाको लोडसेडिङ र इन्धनको चुलिँदो बजार-भाउले विद्युतीय सञ्चारमाध्यममा अन्यत्रभन्दा ज्यादा असर पारिरहेको छ । विज्ञापनको मुख्य स्रोत मानिने बहुराष्ट्रिय कम्पनीहरू धमाधम नेपाल छोडिरहेका छन् भने राष्ट्रियस्तरका उद्योगधन्दा पनि बिजुली र असुरक्षाका कारण बन्द भइरहेका छन् । यस अवस्थामा विज्ञापनको स्रोत घट्नुका साथै विज्ञापनको दर-भाउसमेत घटिरहेको स्थिति छ भने अर्कोतिर एफएमहरूबीचको अस्वस्थ प्रतिस्पर्धा निकै हानिकारक रूपमा अगाडि आएको

छ । कुनै रेडियोले पाँच सय रुपियाँमा बजाउने गरेको विज्ञापन कुनै अर्कोले ५० रुपियाँमा समेत बजाउन सक्छ । हामी एफएम सञ्चालकहरू अरूलाई डुबाउने सुरमा आफैँ दलदलमा फसिरहेका छौँ । एफएम सञ्चालकहरूबीच अनुभव, पीरमर्का वा अप्ठेरोबारे विचार आदानप्रदान नै हुँदैन ।

एफएम प्रसारणका यी बग्रेल्ती समस्यामध्ये केहीमा सञ्चालकहरूको कमजोरी छ भने सरकार पनि यस मामिलामा निकै दोषी छ । काठमाडौँजस्तो एउटा सानो स्थानका लागि च्याउसरी खुलेका यति धेरै एफएम आवश्यक थिए कि थिएनन् ? तिनलाई सञ्चालनका निम्ति स्रोत पर्याप्त छ कि छैन ? आदिजस्ता प्रारम्भिक सर्तलाई बेवास्ता गर्दै सरकारले यत्रो सङ्ख्यामा एफएम स्टेसन स्थापनाका लागि स्वीकृति दिनु हुन्थ्यो वा हुन्नथ्यो ? सरकारका तर्फबाट यो कुरा कहिल्यै सोचिएन । यसका अतिरिक्त सरकारी विज्ञापन वितरण पनि मनलागी ढङ्गमा गरिएको छ । यसका कारण पार्टीको पहुँच वा ठूला नेताका मान्छेले सञ्चालन गरेका एफएमहरूलाई सहजै किसिमले सरकारी विज्ञापन प्राप्त भइरहेको छ भने अरू हेरेको हेर्‍यै छन् ।

## मैले सिकेको पाठ

यतिखेर जब म क्यापिटल एफएमको सञ्चालकबाट मुक्त भएको छु, ठूलै झञ्झटबाट पार पाएको महसुस गरिरहेको छु । आफूले लगानी गरेको पैसा फिर्ता पाउँदा कतैबाट पुरस्कार पाएको अनुभूति मलाई भएको छ । म सोच्दै छु हामी सञ्चारकर्मी जो आफ्नो शब्दशिल्प, आवाजको शक्ति वा प्रतिभाबाट जीवनको रथ हाँकिरहेका हुन्छौँ, परिवार पालिरहेका हुन्छौँ, हाम्रा निम्ति मालिक बन्ने सपना निकै हानिकारक र महँगो साबित हुँदो रहेछ ।

भनिन्छ, मिडिया बुझेका मान्छेले मिडियामा लगानी नगिरिदिनाले यसको महत्त्व निकै घटेको छ, यो व्यावसायिक हुन सकेको छैन । अर्कोतर्फ सञ्चारगृहका मालिकहरू पत्रकारहरूलाई गन्दै गन्दैनन् । एक अर्थमा यो तर्कमा सत्यता छ, तर मेरो अनुभवले के भन्छ भने हामी अक्षरको खेती गर्ने, आवाज बेचेर परिवार धान्ने वा प्रतिभा बेचेर जीवन चलाउने अथवा श्रमजीवी मान्छेले कुनै पनि खालका मिडियाको मालिक बन्न खोज्नु दिवास्वप्न जत्तिकै रहेछ । यस क्षेत्रमा अलि राम्ररी सोचविचार गरेर मात्र हामीजस्ता श्रमजीवीले लगानी गर्नुपर्छ । नत्र कहिल्यै उठ्न नसक्नेगरी भास्सिने निश्चित छ ।

आफूले अन्यत्र काम गर्दा भोग्नुपरेका यावत झञ्झट र आफू नै सञ्चालक हुँदाका तीता अनुभव मेरानिम्ति समान छन् । छापामाध्यममा काम गर्दा होस्

या विद्युतीय माध्यममा- अधिकांश सञ्चालकहरू व्यावसायिकताको अभाव र कमजोर व्यवस्थापनका कारण ज्यादा मर्कामा परेको मेरो अनुभव छ। साथै सञ्चारमाध्यमहरूमा मौलाएको अस्वस्थ प्रतिस्पर्धा पनि नेपाली मिडियाका निम्ति निकै हानिकारक तत्त्व हो भन्ने लाग्छ।

**धन्यवाद**

यस संस्मरणलाई अन्तिम रूप दिनका लागि सुझाव प्रदान गरी सहयोग गर्ने मार्टिन चौतारीका प्रत्यूष वन्त, शेखर पराजुली र संगीता पाण्डेलाई धन्यवाद छ।